NRB Directive Form No. 9.5


मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

Corporate office: Bidur-4 , Battar, Nuwakot. Ph: 010-561746,
Website: www.meromicrofinance.com, Email: corporate@meromicrofinance.com


# Quarterly Financial Statement (Unaudited)

## At the quarter ended Poush, 2076

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **6,503,224.04** | **5,789,292.54** | **4,632,988.11** |
| 1.1 | Paid-up Capital | 855140.00 | 6,57,800.00 | 3,28,900.00 |
| 1.2 | Reserves and Surplus | 268,072.68 | 426,523.64 | 138,627.88 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 3,572,927.47 | 3,005,594.40 | 2,637,372.39 |
| 1.5 | Deposits (a+b) | 1,456,180.09 | 1,312,229.33 | 960,042.45 |
| | a. Domestic Currency | 1,456,180.09 | 1,312,229.33 | 960,042.45 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 35,140.72 | 88,701.26 | 42,111.69 |
| 1.7 | Other Liabilities | 315,763.08 | 298,443.90 | 525,933.70 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **6,503,224.04** | **5,789,292.54** | **4,632,988.11** |
| 2.1 | Cash & Bank Balance | 161,282.73 | 181,671.78 | 5,213.97 |
| 2.2 | Money at call and short Notice | 287,190.62 | 383,587.94 | 329,206.29 |
| 2.3 | Investments | 656,000.00 | 71,000.00 | 71,000.00 |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | 5,130,115.56 | 4,882,074.12 | 3,994,736.82 |
| 2.5 | Fixed Assets | 78,665.85 | 73,306.08 | 63,406.07 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 189,969.27 | 197,652.61 | 169,424.95 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 447,676.23 | 215,493.30 | 314,552.75 |
| 3.2 | Interest Expense | 205,767.77 | 95,772.28 | 163,784.73 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **241,908.46** | **119,721.01** | **150,768.02** |
| 3.3 | Fees Commission and Discount | 2,354.53 | 54.52 | 3,629.19 |
| 3.4 | Other Operating Income | 69,909.00 | 32,932.50 | 68,021.95 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | | | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **314,171.99** | **152,708.03** | **222,419.16** |
| 3.6 | Staff Expenses | 131,009.13 | 62,871.45 | 83,030.78 |
| 3.7 | Other Operating Expenses | 41,066.57 | 17,630.79 | 33,205.21 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **142,096.29** | **72,205.79** | **106,183.17** |
| 3.8 | Provision for Possible Loss | 31,380.92 | 14,593.47 | 8,977.20 |
| **D** | **Operating profit (C-3.8)** | **110,715.36** | **57,612.32** | **97,205.97** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 1,091.31 | 1,802.02 | |
| 3.10 | Write Back of Provision for Possible Loss | 18,344.15 | 8,410.41 | |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **130,150.83** | **67,824.74** | **97,205.97** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | | | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **130,150.83** | **67,824.74** | **97,205.97** |
| 3.12 | Provision For Staff Bonus | 13,015.08 | 6,782.47 | 8,836.91 |
| 3.13 | Provision For Tax | 35,140.72 | 18,312.68 | 26,510.72 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **81,995.02** | **42,729.59** | **61,858.34** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 17.47% | 20.90% | 16.69% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 1.80% | 1.60% | 1.87% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 69.24% | 72.73% | 49.61% |
| 4.4 | Cost of Funds | 10.69% | 9.24% | 9.86% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 352.30% | 372.04% | 416.10% |

**Note:**
1. If the statutory audit and supervisory authority notify and remarks to change, unaudited financial statement will be changed accordingly.

| Interest Rate | | |
|---|---|---|
| 1 | Deposits | 6% - 9.27% |
| 2 | Loan and Advance | 12% - 18.25% |

## धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)
## आ. व. २०७६/७७ को को दोस्रो त्रैमासिक अवधिको विवरण

**१. वित्तीय विवरण :**

(क) त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ ।

(ख) प्रमुख वित्तीय अनुपातहरु :

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १९.१८ | ३१.३९ | १३१.३५ | ७६०.४९ | ८.३४ |

**२. व्यवस्थापकीय विश्लेषण :**

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
कारोबारको बृद्धिसँगै बैंकको मौज्दात, आम्दानी र तरलतामा सन्तोषजनक रुपमा बृद्धि रहेको छ ।

**(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
राष्ट्रियस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिबृद्धि गराई नेपालको गरिबी घटाउने, वित्तीय समावेशीकरण बढाउने उद्धेश्यले नेपाल भरी नै लघुवित्त सेवा प्रदान गर्ने अठोटका साथ अगाडी बढिरहेको छ । हाल देशका विभिन्न स्थानहरुमा ११० वटा शाखा कार्यालय मार्फत १०७,३८३ विपन्न घरपरिवारमा लघुवित्तीय सेवा प्रदान गरिरहेको छ । नेपालको विभिन्न ७ वटा वाणिज्य तथा २ वटा विकास बैंकको संयुक्त प्रवर्द्धनमा स्थापित यस वित्तीय संस्थाले नवीनतम प्रविधिहरुको प्रयोग गरी छिटो, छरितो र विश्वसनीय एवं दीगो सेवा प्रदान गर्दै कार्यक्रम विस्तारमा अग्रसर रहेको छ । संस्थाले कृषि, पशुपालन, सेवा व्यवसाय तथा लघुउद्यम जस्ता व्यवसायहरु सञ्चालनको लागि विशेष गरी महिलाहरुलाई केन्द्रीत गरी उत्तरदायी लघुवित्तीय सेवा उपलब्ध गराउँदै आएको छ । ग्राहकहरुको समय सापेक्ष चाहना अनुसार सेवा तथा सुविधाहरुमा परिस्कृत गर्दै लैजान व्यवस्थापन प्रतिबद्ध रहेको छ । आगामी आर्थिक वर्षहरुमा वित्तीय पहुँच नपुगेका ग्रामीण क्षेत्रमा शाखा बिस्तार गरी अझ प्रभावकारी रुपमा सेवा तथा सुविधाको बिस्तार गर्ने लक्ष्य रहेको छ ।

**(ग) विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**
बर्तमान अवस्थामा, बैंकहरुले कर्जामा लिने ब्याजदरको उतार-चढाव, लघुवित्त संस्थाहरु बिचको अस्वस्थ प्रतिस्पर्धा आदि कारणले संस्थालाई असर पर्न सक्छ । तथापि संस्थाले तय गरेको कुशल कार्यनीतिका कारण गम्भीर समस्या ब्यहोर्नु परेको छैन ।

**३. कानुनी कारबाही सम्बन्धी विवरण:**

(क) यस त्रैमासिक अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन र त्यस्तो कुनै सूचना समेत प्राप्त भएको पनि छैन ।

(ख) यस संस्थाको संस्थापक वा सञ्चालकले तथा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालन विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन ।

**४. संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) दोश्रो बजारमा हुने शेयर सम्बन्धी कारोबारका लागि संस्थाले नेपाल स्टक एकस्चेन्ज लिमिटेडमा शेयर सूचीकृत भई सन्तोषजनक कारोबार भईरहेको छ ।

(ख) नेपाल स्टक एकस्चेन्जको वेवसाइट अनुसार यस त्रैमासिक अवधिको शेयरको कारोबार निम्न अनुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या |
|---|---|---|---|---|
| रू. ६४५/– | रू. ४०२/– | रू. ६०२/– | ५८ दिन | २,८४,४७५ कित्ता |

**५. समस्या तथा चुनौती:**
लघुवित्त वित्तीय संस्थाहरुको स्थापना र सञ्चालन हुने क्रम जारी रहेको अवस्था तथा ती सबै संस्थाहरुको लक्षित वर्ग तथा क्षेत्र पनि अन्य लघुवित्त वित्तीय संस्थाहरुले सेवा दिइरहेका क्षेत्रहरु रहेको हुँदा वित्तीय संस्थाहरुबिच अस्वस्थ प्रतिस्पर्धा एवं कर्जा लगानीमा दोहोरोपना हुने सम्भावना सहित काम गर्नुपर्ने अवस्था रहेको छ । त्यस्तै अप्रत्यासित रुपमा श्रृजना हुनसक्ने प्रतिकूल अवस्था, कर्जा कोषमा ब्याजदरको बृद्धि एवं मूल्य बृद्धिले सञ्चालन लागत बृद्धि भै मुनाफामा पर्न सक्ने असर विद्यमान छ ।

**६. संस्थागत सुशासन:**
वित्तीय संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र ऐन २०६३ तथा आयकर ऐन २०५८ लगायतका ऐन-नियमहरु पालना गरेको छ । संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, आर्थिक प्रशासन विनियमावली, लगानी नीति, कर्जा नीतिहरु, नगद कारोबार सञ्चालन नीति, सूचना प्रविधि नीति, कर्जा अपलेखन विनियमावली, वचत कर्जा तथा कोष सञ्चालन नीति तथा निर्देशिका, सदस्य संरक्षण कोष कार्यविधि, कर्मचारी कार्य सम्पादन मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याईएको छ । संस्थाले आफ्नो कारोबारको चुस्त-दुरुस्त, छिटो-छरितो, पारदर्शी एवं आन्तरिक प्रणालीलाई प्रभावकारी बनाउन सञ्चालन समिति, व्यवस्थापन समूह तथा व्यवस्थापन तहमा लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा-सुविधा समिति लगायतका समितिहरु मार्फत कार्य भईरहेको छ ।

**७. सत्य तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तर दायित्व लिन्छु । साथै, म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्यतथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक कुनै विवरण तथा सूचना लुकाईएको छैन ।